




# रियल मड्रिड र बार्यन म्युनिख क्वार्टरफाइनलमा भिड्ने



मड्रिड, १८ मार्च

साविक विजेता रियल मड्रिड र बार्यन म्युनिख च्याम्पियन्स लिग फुटबलको क्वार्टरफाइनलमा भिड्ने भएका छन्। शुक्रवार भएको ड्रमा साविकको रियलले जर्मन च्याम्पियन बार्यन प्रतिद्वन्द्वी पाएको हो। रियल ला लिगाको लिग लिडर पनि हो।

यसअघि सन् २०११-१२ को सिजनमा बार्यन र रियलले सेमिफाइनलमा भिडेका थिए। जसमा अवे गोलका आधारमा बार्यन विजयी बनेको थियो।

कातालान बार्सिलोनाले इटालियन लिग लिडर युभेन्टस प्रतिद्वन्द्वी पाएको छ।

सन् २०१४/१५ को सिजनका फाइनलिष्ट टोली बार्सा र युभेन्टसले यसपटक क्वार्टरफाइनलमा भेट भएको हो। त्यस खेलमा बार्सिलोना ३-१ ले विजयी भएको थियो।

अर्को स्पेनिस क्लब एथ्लेटिको मड्रिडले इङ्गलिस क्लब लेस्टर र जर्मन क्लब बोरुसिया डर्टमुण्डले फ्रान्सेली क्लब मोनाको प्रतिद्वन्द्वी पाएको छ।

## युरोपा लिगमा युनाइटेडलाई सहज

मड्रिड, १८ मार्च

त्यस्तै आजै गरिएको युरोपा लिग ड्र मा इङ्गलिस क्लब म्यान्चेस्टर युनाइटेडले बेल्जियमको एण्डरलेक्टलाई क्वाटरफाइनल प्रतिद्धन्दीको रुपमा पाएको छ।

स्पेनको सेल्डा भिगो र बेल्जियमकै जेन्कले सेमिफाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछन् भने नेदरल्याण्डको आयाक्स र जर्मनीको शाल्के फोर तथा फ्रान्सको ल्योन र टर्कीको बेसिक्टासले क्वार्टरफाइनलमा प्रतिस्पर्धा गर्नेछन्।

## युरोपा लिग क्वाटरफाइनल ड्र: कुन क्लबले कोसँग खेल्ने?

मड्रिड, १८ मार्च

युरोपा लिग फुटबलको क्वाटरफाइनलको ड्र भएको छ। शुक्रवार बेलुका क्वाटरफाइनलमा पुगेका ८ टीमको ड्र भएको हो। यो वर्षको युरोपा लिगमा सेमिफाइनल प्रवेशका लागि इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडले बेल्जियमको क्लब एन्डरलेक्टसँग प्रतिस्पर्धा गर्नुपर्ने भएको छ। यस्तै स्पेनिस क्लब सेल्टा डि भिगोले क्वाटरफाइनलमा बेल्जियमकै क्लब गेन्कसँग खेल्नेछ।

यस्तै फ्रान्सको क्लब लियोनले टर्कीको क्लब बेसिक्टास तथा नेदरल्याण्डसको क्लब अजाक्सले जर्मन क्लब शाल्केसँग खेल्ने छ। क्वाटरफाइनलको पहिलो लेग आउँदो अप्रेल १३ तथा दोस्रो लेग अप्रेल २० मा हुनेछ।

# नेइमारलाई राहत, कर छलीमा साढे २ अर्ब मात्र तिर्नु पर्ने

साओ पाउलो, १८ मार्च

कर छलीको अभियोगमा आफूले ठूलो राहत पाएको जानकारी बार्सिलोनाका स्टार ब्राजिली स्ट्राइकर नेइमारले जानकारी दिएका छन्। ब्राजिलको कर विभागले उनको निवेदनलाई स्वीकार गर्दै बकयौता रकमलाई आधा गर्ने निर्णय गरेपछि नेइमारले राहत महसीस गरेका हुन्।



कर छलीको मुद्धामा ब्राजिलको कर विभागले नेइमार र उनको परिवारमाथि करिब ५ अर्ब ६३ करोड रूपियाँ जरिवाना तोकेको थियो। नेइमारले जरिवाना रकम अधिक भएको भन्दै पूर्नविचारका लागि निवेदन दिएका थिए। जसलाई स्वीकार गर्दै विभागले लगभग साढे २ अर्ब रूपियाँ मात्र तिर्ने आदेश गत बिहीवार दिएको छ।

ब्राजिलको सान्तोष क्लबबाट २०१३ मा स्पेनको बार्सिलोनामा अनुबन्धित हुँदा कर छली गरेको आरोमा नेइमार र उनको परिवारले स्पेनमा पनि मुद्धा खेपिरहेका छन्। नेइमारले आफ्नो छवीको लागि प्राप्त रकम राख्ने अधिकार परिवारमा मात्र निहित रहेको तर्क राखेका थिए।

कर विभागको यो निर्णयलाई कानुन व्यवसायीले वित्तीय अपराध मानेका छन्। र, यो निर्णयले कर छली गर्नेहरुलाई प्रोत्साहित गर्ने दावी गरेका छन्।

ब्राजिलबाट प्रकासित हुने पत्रिका फोल्हा साओ पाउलोका अनुसार गत बिहीवार नेइमारलाई तोकिएको ब्राजिलको स्थानीय रूपियाँ १ अर्ब ८ करोड ८० लाख रेयासलाई घटाएर आधा गर्ने निर्णय गरिएको हो। पत्रिकाले नेइमारको पिता नेइमार सान्तोषको प्रतिक्रिया पनि सार्वजनिक गरेको छ। जसमा उनले भनेका छन्,'भगवानको कृपाले हामीले मुद्धा जितेका छौं। हाम्रो घरेलु व्यवसायले कानूनी मान्यता पाएको छ।'

बार्सिलोनाले नेइमारलाई अनुबन्धित गर्दा ५ करोड ७१ लाख युरो खर्च गरेको र परिवारलाई थप ४ करोड युरो दिएको बताएको थियो। तर, स्पेनको कर अधिकारीले नेइमारलाई अनुबन्धित गर्दा मात्र ८ करोड ३० लाख युरो खर्चेको अनुमान गरेको छ।

# फुटबलमा क्रान्ति गर्दै चीन

बीजिङ, १८ मार्च

चिनियाँ क्लबहरूले यो वर्ष स्पेनी क्लब बार्सिलोनाका अर्जेन्टिनी स्ट्राइकर लियोनल मेसीलाई अनुबन्धको अपत्यारिलो प्रस्ताव गरे। रियल म्याड्रिडका पोर्चुगिज स्ट्राईकर क्रिस्टियानो रोनाल्डोका लागि पनि उनीहरूको त्यस्तै प्रस्ताव आयो। अन्तर्राष्ट्रिय फुटबलमा निक्कै कम चर्चा हुने चिनियाँ सुपर लिगका क्लबहरूबाट आएको प्रस्ताव आफैंमा अपत्यारिलो त थियो, ती खेलाडीका लागि उनीहरूले गरेको प्रस्तावित रकम अझ अविश्वासिला थिए।

चिनियाँ क्लबहरूले अन्तर्राष्ट्रिय फुटबलमा अहिलेका सफलमध्येका दुई खेलाडी मेसी र रोनाल्डोलाई भित्र्याउन त सकेनन्, तर अर्जेन्टिनी फुटबलर कार्लोस टेभेजलाई सांघाई सेनहुवाले अनुबन्ध गरी छोड्यो। टेभेजको अनुबन्धले पनि अन्तर्राष्ट्रिय फुटबल बजारमा चिनियाँ फुटबलको राम्रै बहस चलायो। अर्जेन्टिनी राष्ट्रिय टोलीका साथै इङ्गलिस प्रिमियर लिग र इटालियन सिरी ए जस्ता युरोपकै ठूला लिगहरूमा चम्किएका टेभेजले एसियन लिग रोज्नु र उनका लागि प्रस्ताव गरिएको रकम बहसको दुई विषय बने।

टेभेजलाई भित्र्याउन सेनहुवाले कीर्तिमानी सात करोड १६ लाख पाउण्ड रकम खर्चियो। दुई वर्षका लागि अनुबन्ध भएका टेभेजलाई सेन्हुवाले प्रतिसाता ६ लाख १५ हजार पाउण्ड रकम तिर्ने सम्झौता गरेको छ। यो सम्झौतापछि टेभेज विश्वकै छैटौं महँगा खेलाडी बने। सर्वाधिक कमाइ गर्ने खेलाडीको सूचीमा पनि उनि नै अघि देखिए।

यो सिजन युरोपको प्रतिष्ठित र ठूला लिग छोडेर भर्खरै अघि बढ्न सुरु गरेको चिनियाँ फुटबलसँग जोडिन आइपुग्ने टेभेज एक्ला युरोपेली स्टार होइनन्। उनको अनुबन्धको केही दिनअघि मात्रै इङ्गलिस क्लब चेल्सीका पूर्वब्राजिलियन खेलाडी ओस्कारले पनि चिनियाँ क्लब रोजेका थिए। ब्राजिलियन राष्ट्रिय टोलीबाट समेत खेल्दै आइरहेका ओस्कार ६ करोड पाउण्ड रकममा सांघाई सीआईपीजीसँग अनुबन्ध भए। ओस्कारसँगै ब्राजिलियन राष्ट्रिय टोलीबाट खेलिसकेका हल्कले पनि यसै सिजन चिनियाँ क्लब रोजिसकेका थिए। युरोपेली फुटबलमा चलेका दक्षिण अमेरिकी स्टार खेलाडीलाई भित्र्याएसँगै चीनले आफ्नो फुटबललाई कम्तीमा अन्तर्राष्ट्रिय स्तरमा चर्चाको विषय बनायो।



चीनले पछिल्लो समय फुटबलमा खुलेर लगानी गर्न थालेको छ। त्यसको विशेष कारण अन्तर्राष्ट्रिय प्रतियोगितामा चिनियाँ राष्ट्रिय फुटबल टोलीको कमजोर प्रदर्शन नै हो। चीन खुल्ला राजनीतिक परिवेशमा प्रवेश गरेपछि अन्य क्षेत्रमा जस्तै खेलकुदमा पनि निक्कै प्रगति गऱ्यो। खेलकुदको सबैभन्दा ठूलो मेला ओलम्पिकलाई आधार बनाउँदा सन् १९८४ यता चीनले खेलमा आफूलाई सशक्त रूपमा प्रस्तुत गरेको छ।

पछिल्लो ३३ वर्षमा चीन सन् १९८८ मा दक्षिण कोरियाको सोलमा आयोजना भएको ओलम्पिकबाहेकका सबै संस्करणमा चौथो स्थानभन्दा तल झरेको छैन। नौ वर्षअघि आफ्नै देशमा आयोजित बेइजिङ ओलम्पिकमा त चीनले अमेरिका, बेलायत, जर्मनी, रुसजस्ता राष्ट्रलाई पछि पार्दै शीर्ष स्थान नै हात पाऱ्यो। मार्सल आर्ट र अन्य खेलकुदमा चीनले विश्व खेलकुदमा एकछत्र राज गर्न थालेको छ।

तर, त्यही फुटबल हो जसमा चीनले अहिलेसम्म अन्तर्राष्ट्रिय सफलता चुम्न सकेको छैन। सफलता अझ परको विषय भयो, चिनियाँ फुटबलको घरेलु संरचना नै निक्कै कमजोर रह्यो, जसले अन्तर्राष्ट्रिय प्रतियोगितामा समेत नतिजा दिलाउन सकेन। एसियाली प्रतियोगितामै पछि पर्ने गरेको चीनका लागि विश्वकपको सपना अझ मुस्किल बन्यो। आर्थिक समृद्धि र अन्य खेलकुदको सशक्त प्रदर्शनसँगै अन्तर्राष्ट्रिय मञ्चमा शक्ति राष्ट्रको रूपमा अघि बढेको चीनलाई फुटबलको कमजोर प्रदर्शनले केही धक्का दिएको हुनुपर्छ। त्यसको महसूस चिनियाँ राष्ट्रपति सी जिनपिङलाई नै भएको छ। त्यसैले राष्ट्रपति जिनपिङको निर्देशनमा चीन यतिखेर फुटबलको विकासमा लागेको छ। अर्थात् चिनियाँहरू फुटबल क्रान्तितर्फ लागेका छन्।

राष्ट्रपति जिनपिङले चिनियाँ फुटबलमा नयाँ नारा तय गरिदिएका छन्, निकट भविष्यमा चीनले फुटबलको विश्वकप खेल्नेमात्रै होइन, त्यसको आयोजना गर्ने र विश्वकपको ट्रफी नै जित्न सक्षम हुनेछ। त्यसका लागि यतिखेर चिनियाँहरू युरोपेली फुटबलमा जमेका स्टार खेलाडीलाई आफ्नो देशमा भित्र्याएर फुटबलको माहोल बनाउन अर्बौं रकम खर्चनमात्रै होइन, देशभित्रै 'ग्रासरुट लेवल' देखि फुटबलको विकासका लागि पनि लागिपरेका छन्।

राष्ट्रपति जिनपिङको सो नीतिअनुसार चीनले आगामी २०२५ सम्म देशभित्र ५० हजार फुटबल स्कूल स्थापना गर्ने अभियान सुरु गरेको छ। प्रत्येक विद्यालयमा एकैपटक एक हजार बालबालिकाले फुटबल सिक्नेछन्। त्यसरी सन् २०२५ सम्म चीनले पाँच करोड प्रतिस्पर्धी फुटबलर उत्पादन गर्नेछ। त्यसपछि सम्भवत: चीनले विश्वकपको आयोजना र सहभागितामात्रै होइन उपाधि नै जित्न सक्षम हुने राष्ट्रपति जिनपिङको उद्देश्य पनि पूरा हुनेछ ।चीनले त्यसबेलासम्म आफ्नो लिगलाई युरोपेली लिगको दाँजोमा पुर्याउनेछ। अहिले युरोपेली फुटबलमा देखिएका क्रिस्टियानो रोनाल्डो र लियोनल मेस्सीजस्ता स्टार खेलाडीले चाँडै नै चिनियाँ मैदानमा फुटबल खेलिरहेको दृश्य पनि देखिनेछ।

रियल म्याड्रिडका अध्यक्ष फ्लोरेन्टिनो पेरेजले हालै दुई वर्षपछि आफ्ना मुख्य खेलाडी रोनाल्डोलाई चिनियाँ क्लबलाई बेच्ने घोषणा गरिसकेका छन्। त्यसमा पेरेजले फाइदा देखेका छन्। युरोपेली खेलाडी भित्र्याउन चिनियाँ क्लबले जति रकम अन्य क्लबले दिन सक्ने छैन। त्यसैले रोनाल्डोलाई चिनियाँ क्लबलाई बेच्दा सन् २००९ मा इङ्लिस क्लब म्यान्चेस्टर युनाइटेडबाट उनलाई किन्दा खर्च भएको आठ करोड पाउण्ड रकम पनि उठ्नेछ र सो रकमले रियलले अर्को स्टार खेलाडी किन्नेछ। साथै मेसी र अन्य युरोपेली स्टार खेलाडी पनि चिनियाँ क्लबहरूको अर्बौं रकमको प्रस्तावबाट लोभिनेछन्।

हालै इङ्गल्याण्ड तथा इङ्लिस प्रिमियर लिग क्लब म्यानचेस्टर युनाइटेडका स्ट्राइकर वायन रुनीलाई चिनियाँ क्लबहरूले प्रतिसाता १० लाख पाउण्डको प्रस्ताव गरेको थियो, जसमा रुनी सकारात्मक देखिएका थिए। सोही कारण रुनी र प्रशिक्षक जोसे माउरिन्होबिचको सम्बन्धसमेत चिसिएको थियो। चीनले पछिल्लो समय अर्जेन्टिनी फुटबल हस्ती म्याराडोनालाई समेत फुटबल सिकाउनका लागि ठूलो रकमको प्रस्ताव गरेको छ। चिनियाँ फुटबल संघले म्याराडोनालाई विद्यालय फुटबल परियोजनाको प्रमुख बनाउने प्रस्ताव गरेको उनका वकिल माटियास मोर्लाले जनाएका छन्। यस प्रस्तावमा म्याराडोनाले सकारात्मक संकेत देखाएको मोर्लाले जानकारी दिएका छन्।

सम्झौता सम्भव भएको अवस्थामा अबको केही समयमा अर्जेन्टिनालाई १९८६ मा आफ्नो एकल प्रदर्शनमा विश्वकपको उपाधि दिलाएका म्याराडोना पनि चिनियाँ विद्यालयहरूमा फुटबल सिकाइरहेका हुनेछन्। चीनले ती विद्यालय एकेडेमीमार्फत निकट भविष्यमा रोनाल्डो र मेसी उत्पादन गर्ने उद्देश्य बनाएको छ। सन् २०१० मा दक्षिण अफ्रिकामा भएको फिफा विश्वकपमा मेसीको कप्तानीमा रहेको अर्जेन्टिनी टोलीलाई प्रशिक्षण दिएका म्याराडोनाको नेतृत्वमा चीनले त्यो उद्देश्य पनि हासिल गर्नेछ।

# पहिचान लुकाएर डिज्नील्याण्ड घुमिरहेका मेसीलाई सबैले चिनेपछि..



पेरिस, १८ मार्च

विश्व फुटबलका चर्चित स्ट्राइकर लिओनल मेसीको लुकेर पेरिसको डिज्नील्याण्ड हेर्ने सपना त्यतिबेला तुहियो, जब डिज्नील्याण्डमा घुम्न आएका व्यक्तिहरुले उनलाई एकै नजरमा मजाले चिने। मेसी मर्करी चश्मा र हुक भएको ज्याकेटको टोपीले अनुहार ढाकेर डिज्नील्याण्ड पुगेका थिए। त्यतिबेला उनीसँग प्रेमिका आन्टोनेला रोक्युजो तथा दुवै छोरा थियागो र माटियो पनि थिए।

पेरिसको डिज्नील्याण्ड मेसीको प्रिय ठाउँ हो। उनी घुम्ने फुर्सद पाउना साथ बच्चाहरु पुगेर यहाँ पुगिहाल्छन्। यसै वर्ष मात्र उनी ६ महिनाको अवधिमा दोस्रोपल्ट यहाँ आएका थिए।

आफ्नो परिचय लुकाएर डिज्नील्याण्डभित्र प्रवेश गरेका मेसीलाई उनका फ्यानले छिट्टै पहिचान गरे। यसपछि भित्रै उनीसँग फोटो खिच्नेको भीड लागेको थियो। मेसी च्याम्पियन्स लिगमा फ्रान्सकै पेरिस सेन्ट जर्मनी (पीएसजी) क्लबलाई दोस्रो लेगमा ६-१ ले हाराएको एक सप्ताहपछि नै पेरिस पुगेका हुन्।

दुई दिनअघि स्पेनिस ला लिगामा डेपोर्टिभो ला कोरुनासँग २-१ ले पराजय भोगेपछि प्रशिक्षक लुइस एनरिकले बार्सिलोनाका खेलाडीलाई दुई दिनको छुट्टी दिएका थिए। यही छुट्टी मनाउन उनी परिवारका साथ पेरिसको डिज्नील्याण्ड पुगेका हुन्। ला लिगामा गत सप्ताह रियल म्याड्रिडसँग शीर्षस्थान गुमाएको बार्सिलोना पुनः त्यही स्थानमा फर्किन आइतवार भेलेन्सियासँग खेल्दैछ।

# ब्राजिलका 'नयाँ नेइमार' लाई भित्र्याउन बार्सिलोना र रियल मड्रिडको होड

मड्रिड, १८ मार्च

सन् २०१३ मा नेइमारलाई अनुबन्ध गर्ने समयमा स्पेनका दुई महारथी क्लबहरु बार्सिलोना र रियल मड्रिडबीचबीच ठूलो होडबाजी हुँदा अन्ततः बार्सिलोनाले बाजी मारेको थियो। एकपछि अर्को खेलमा नेइमारले अहिले बार्सिलोनाबाट उत्कृष्ट खेलिरहेका छन्।

अहिले ब्राजिलका १६ वर्षीय यी स्ट्राइकरप्रति पनि यी दुवै क्लब आकर्षित देखिएका छन्। बार्सिलोना र रियल उनलाई अनुबन्ध गर्न हात धोएर लागेको स्पेनिस सञ्चारमाध्यमले जनाएका छन्।

भिनिसस जुनियर नामका यी लेफ्ट विंगरले हालै सम्पन्न दक्षिण अमेरिकी अण्डर सेभेन्टिन फुटबल च्याम्पियनशीपमा सर्वाधिक गोलकर्ताको उपाधि जितेका थिए।

स्पेनिस पत्रिकाका अनुसार स्पेनका दुवै क्लबका एजेन्टहरु उनीप्रति नजिकिएका छन्। इङ्गलिस क्लबहरु आर्सनल र चेल्सीपनि भिनिसससँग जोडिएका छन्। एक स्वतन्त्र खवरका अनुसार गत जनवरीमा म्यान्चेस्टर युनाइटेडको प्रस्ताव उनको क्लव फ्लेमिङगोले अस्वीकार गरेको छ।

क्लवका पूर्व अध्यक्षले म्यान्चेस्टर युनाइटेडले आधिकारिक प्रस्ताव गरेको पुष्टि गरेका हुन्।

भिनिसस पनि कोपा साओ पाउलो युथ प्रतियोगिताबाट आएका हुन्, जहाँबाट नेइमार, ओस्कार लगायतका स्टारहरुको युरोप प्रस्थानको सुरुवात भएको थियो।